**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50805*

# बसाइँ उपन्यासमा प्रजातिको अवस्था

**डा.दीपकप्रसाद गौतम***

**लेखसार**

प्रस्तुत लेखमा लीलबहादुर क्षत्रीको बसाइँ उपन्यासको प्रजातिको बारेमा उल्लेख गरिएको छ। उक्त कुरालाई पुष्टि गर्नका लागि लीलबहादुर क्षत्रीद्वारा रचिएको यस उपन्यासलाई मूल आधार बनाइएको छ। यसमा खासगरी नेपालको पहाडी भूभागको ग्रामीण समाजमा बसोबास गर्ने एक व्यक्तिले अर्को व्यक्तिको हित र परोपकार गर्नुको सट्टामा मानिसलाई दिएका दुःख, पीडा, पीर, व्यथा र वेदनालाई मुख्य आधार बनाइएको छ। यस उपन्यासले भौगोलिक विकटताले गर्दा नेपालको पहाडी भूभागका गरिब र चेतनाको अभावमा बाँचेका त्यहाँका जनताको शोकपूर्ण स्थितिलाई त्यहाँको प्रजातिको रूपमा उल्लेख गरिएको छ। यसमा पूर्वी नेपालको पहाडी भूभागमा बस्न बाहुन, क्षत्री, लिम्बू र दमाईजातिलाई त्यहाँको प्रमुख प्रजाति मान्दै यसैको सैद्धान्तकि मूल्य र मान्यतालाई पूर्ण रूपमा आत्मसात गरी उक्त प्रजातिको बारेमा अध्ययन गर्नुपर्ने हुन्छ। त्यसैले यस लेखमा क्षत्रीले उल्लेख गरेका उक्त क्रियाकलापहरूलाई यसै कृतिका रूपमा उदाहरणसहित उल्लेख गरिएको छ।

**शव्दकुञ्जी** : वंशाणुगत, गुण, जाति, वैदिक, जीवधारी ।

**विषयपरिचय**

बसाइँ वि.सं. २०१४ मा लेखिएको सामाजिक उपन्यास हो । यस उपन्यासमा नेपालको ग्रामीण पहाडी क्षेत्रमा बसोबास गर्ने बाहुन, क्षत्री र दमाई जातिको अवस्थालाई हिन्दू धर्ममा चिनिएका प्रजातिको बारेमा उल्लेख गरिएको छ। यसमा तिनीहरूले दुःख र कष्ट पाएका मार्मिक र हृदयस्पर्शी घटनाहरू समावेश गरिएका छन्। नेपाल ग्रामीण र पहाडी भूभागहरू बढी भएको देश हो । यस देशका मानिसहरू धर्म, संस्कृति, परम्परा र रीतिरिवाजअनुसार विभिन्न जातिमा विभाजित भएका देखिन्छन्। उक्त किसिमका जातिहरुलाई यस उपन्यासमा प्रजातिको माध्यमबाट व्यक्त गर्नुपर्ने हुन्छ। कुनै मूल जातिभित्रको जात विशेषलाई प्रजातिको रूपमा लिइन्छ । उनीहरुले अपनाउने सामाजकि, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पौराण्कि किसिमका मूल्य र मान्यताका साथै उनीहरुको वंशाणु गुण, स्वभाव र शारीरिक बनावटका आधारमा प्रजातिहरुलाई निर्धारण गरिएको पाइन्छ। मानवीय अनुभूति र संवेदनापूर्ण घटनाहरूलाई ब्रम्हानन्दका अवस्थाबाट प्राप्त हुने मोक्ष वा आनन्दको रूपमा धेरै पहिलेदेखि कुनै जात विशेषलाई लिइएको कुरा पूर्वीय र पाश्चात्य विद्वानहरूले सर्वसम्मत रूपमा स्वीकारेको पाइन्छ। यसको माध्यमबाट कुनै पनि जाति भित्रको जातिलाई प्रजाति मानिएको छ । यसभित्र कुनै पनि सम्प्रदायका व्यक्तिसँग सम्बन्धित जात, थर, गोत्र र उनीहरुले बोल्ने भाषाजस्ता कुराहरु आउने गर्छन्। उक्त जातिहरु पहिले कहाँ बस्ने र कुन ठाउँबाट बसोबास गरेर तिनीहरु अर्को ठाउँमा गए भन्ने कुरालाई प्रजातिको मूल स्वरुप मान्नुपर्ने हुन्छ । यस उपन्यासमा कुनै ठाउँ विशेषमा बस्ने मानवीयका साथै मानववेतर जातिलाई पनि प्रजातिको रुपमा लिइएको छ । यसमा उल्लेख गरिएका गाईभैँसीहरुले पनि प्रजातिको बारेमा महत्वपूर्ण भूमिका निभाएका छन्। प्रस्तुत अध्ययनको शीर्षक यस उपन्यासमा उल्लेख गरिएका प्रजातिका क्रियाकलापहरू के कस्ता छन्, यसका सैद्धान्तिक पक्षका मापदण्डका स्वरूपहरूका आधारहरूलाई कुन तरिकाले प्रस्तुत गर्ने एवम् यसको पहिचान तथा व्यावहारिक विश्लेषण कसरी गर्न सकिन्छ भन्ने मूल समस्यातर्फ केन्द्रित छ।

*उप प्राध्यापक डा.दीपकप्रसाद गौतम पाटन संयुक्त क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ।

यहाँ यस उपन्यासमा प्रजातिका बानी, व्यवहार र क्रियाकलापका पक्षलाई प्रमुख समस्या बनाइएको छ । यस क्रममा उपन्यासकारले हाम्रो समाजका पहाडी भेगमा बसोबास गर्ने व्यक्तिहरूले भोग्नु परेका दुःखकष्ट, पीर, व्यथा आदिलाई आधार मान्दै माथि उल्लेख गरिएका समस्याहरू यसको उद्देश्यकथनका रूपमा केन्द्रित छन् । यसैले यिनै कुराहरूमा आधारित भएर तिनको समस्याको उपर्युक्त, प्रमाणित तथा वस्तुपरक निष्कर्ष निकाल्नु यस अध्ययनको मूल उद्देश्य हो ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यअन्तर्गत् रहेर प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सैद्धान्तिक आधारका रूपमा यसमा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त गरिएका सामग्रीहरूलाई लिइएको छ । प्राथमिक स्रोतअन्तर्गत् लीलबहादुर क्षत्रीद्वारा लेखिएको यस कृतिलाई मुख्य आधार मानिएको छ । त्यस्तै द्वितीय स्रोतका रूपमा क्षत्रीका बारेमा लेखिएका अन्य कृतिहरूबाट सामग्रीहरू लिइएको छ । सङ्कलन गरिएका सामग्रीहरूलाई सैद्वान्तिक आधारमा विश्लेषण गर्ने ढाँचालाई यस उपन्यासमा विश्लेषण विधिको माध्यमबाट व्यक्त गरिएको छ । यस उपन्यासमा नेपाली समाजमा बस्ने प्रजातिलाई वर्णनात्मक र व्याख्यानात्मक तरिकाले विश्लेषण गर्ने ढाँचालाई मूल आधार बनाइएको ।

**प्रजातिसम्बन्धी आधार**

एउटा समाजको प्रतिनिधित्व गर्ने र उक्त समाजमा बस्ने मानिसहरूको जीवनमा परिवर्तन ल्याउने कुनै जात विशेषलाई प्रजातिको रूपमा लिइन्छ । मान्छेलाई कुनै समाजको मूल जाति मान्दा उक्त मूल जातिभित्र रहेका अन्य जातिहरूको विभाजन गर्ने प्रक्रियाको रूपमा प्रजातिलाई लिइन्छ । कुनै समाजमा रहेका प्रजातिमा आ– आफ्नै किसिमका प्रवृत्तिहरू रहेका हुन्छन् । प्रत्येक मानिसको छालाको रङ, शरीरमा देखापर्ने रौं एवम् कपालको बनौट तथा शारीरिक आकारप्रकारले गर्दा प्रत्येक प्रजातिहरूको गुण तथा स्वभावमा भिन्नता ल्याउने गर्दछ । शारीरिक बनावटका अतिरिक्त विभिन्न खाले प्रजातिहरूमा भूगोल, संस्कृति र धर्मजस्ता कुराहरूले पनि भिन्नता ल्याएको पाइन्छ (तेन, सन् १९०६ः भूमिका) । प्रत्येक प्रजातिहरूमा आर्थिक, सामाजिक, राजनीतिक तथा ऐतिहासिक क्रियाकलापहरू एवम् वातावरणीय पक्षजस्ता कुराहरूले भिन्नता ल्याउनुका साथै एकआपसमा प्रभाव पार्ने गर्दछन् ।

साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने व्यक्तिले साहित्यमा व्यक्त भएको प्रजातिको बारेमा अध्ययन गर्नुपर्दछ । साहित्यकारले आफूले सिर्जना गरेको आधार सामग्री आफ्नो समाजको कुनै न कुनै प्रजातिबाट लिएको हुन्छ (लरेन्सन र सिङ्गउड, सन् १९७२, पृ.३३) । प्रजातिहरूमा वंशाणुगत गुण, शारीरिक बनावट तथा ती जातजातिभित्र रहेका प्रतिभा, स्वभाव र विशेषताहरू रहेका हुन्छन् । मानव समूहका विभिन्न जातिहरू छन् । प्रत्येक साहित्यकार कुनै न कुनै जातिको सदस्य हुन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ, आफ्नै कलागत मूल्य हुन्छ र आफ्नै जीवनको आदर्श हुन्छ । यी सबै विशेषताहरू त्यस जातिको जीवनमा घुलमिल भएर अभिभाज्य रूपमा रहेका हुन्छन् । यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारहरूमा घटी वा बढी मात्रामा पाइन्छन् । यसले गर्दा नै एक जातिको साहित्य अर्को जातिको साहित्यभन्दा भिन्न खालको हुन्छ (शर्मा र लुइटेल, २०६७, पृ. १२८–१२९) । यसरी तेनले व्यक्त गरेको प्रजातिसम्बन्धी सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तमा व्यक्त भएको प्रजातिसम्बन्धी सैद्धान्तिक मापदण्डको रूपमा अध्ययन गरिएको देखिन्छ ।

जातिसम्बन्धी सम्पूर्ण कुराहरू जान्नको लागी त्यसभन्दा पहिले कुनै एक क्षेत्र विशेषको सन्दर्भमा केही जान्नुपर्दछ । कुनै देशमा कुनै न कुनै भाषा बोल्ने मानिसहरू बस्ने भएकाले तिनीहरूले कुनै न कुनै जातको प्रतिनिधित्व गर्दछन् (भारद्वाज, सन् १९७५,पृ. १६) । जाति वा प्रजातिसम्बन्धी विशेषताको चर्चा गर्दा जाति कुनै सीमित क्षेत्रको बासिन्दा एवम् व्यवहार विधानद्वारा सम्मानित हुने जात विशेष हो भन्ने कुरा थाहा पाउन सकिन्छ । एक जातिको सम्बन्ध कुनै न कुनै रूपमा अर्को जातिसँग रहेको हुन्छ । त्यसैले प्रत्येक जातिको कुनै पेसा वा व्यवसाय गर्ने व्यक्तिहरूले कुनै न कुनै जातिको विशेषता बोकेको हुन्छ ।

सामान्यतयः जातिहरूको एक पैत्रिक व्यवसाय हुन्छ । जातीय समूहलाई संस्कृति सङ्क्रमणको महत्त्वपूर्ण सांस्कृतिक तत्त्व मानिन्छ । यसलाई सांस्कृतिक तत्त्व सञ्चय गर्ने नयाँ वस्तुका रूपमा लिइन्छ । कुनै खुला समाज जस्तै ः अमेरिकाले जातीय समूहलाई संस्कृतिको माध्यमद्वारा सङ्क्रमण गरेको हुनाले जाति नै सामाजिक संरचना र संस्कृतिको कुशल उपकरण हो भन्ने कुरा थाहा पाउन सकिन्छ (यङ्ग र अन्य, सन् १९६६, पृ. १८४–१८५) । संस्कृति र सामाजिक संरचना आदिलाई अतिक्रमण गर्ने वा जगेर्ना गर्ने साधन वा उपकरणको रूपमा कुनै जाति विशेषलाई लिइन्छ ।

स्थूल रूपबाट हेर्दा विभिन्न जातिहरूमा भिन्नता देखिन्छ । जस्तै ः प्राचीन समयमा नयाँ मुलुकको रूपमा अमेरिका पत्ता लागेपछि जसरी पुराना जातिहरू र नयाँ जातिहरूमा भिन्नता देख्न सकियो त्यसरी नै अमेरिका, यसियान, मङ्गोलायक र निग्रायड आदि जातिको नाम मान्छेले कुनै न कुनै रूपमा दिएको पाइन्छ । एउटा जातिको सम्बन्ध कुनै न कुनै रूपमा अर्को जातिसँग रहेको हुन्छ भन्ने कुरा उल्लेख भएको देखिन्छ । अफ्रिकाको पिगमी अर्थात् बोने, लोगो, जिन्हे र निग्रिटो जातिको सम्बन्ध निग्रायड जातिसँग रहेको पाइन्छ (शास्त्री, सन् १९६३, पृ.५२) । यदि हामीले निग्रायड भाषा तथा अन्य यस्तै भाषाहरूलाई छोडिदिंदा जुन सम्भवतः कुनै समयमा विद्यमान रहेको कुरा आँकलन गर्दछौं । परन्तु धेरै पहिले लुप्त भएका भाषाका साथै विश्वका विद्यमान रहेका भारोपेली, द्रविड, आग्नेली र भोटबर्मेलीजस्ता भाषाहरूको अध्ययन गर्दा त्यसबाट चारैखाले संस्कृति मिलेको थियो र तिनीहरू एकआपसमा सम्बन्धित र समन्वय भएर ईसापूर्वको लगभग १५०० पूर्व प्राचीन भारतीय अर्थात् हिन्दू धर्म र संस्कृतिको निर्माण भएको कुरा थाहा पाउन सकिन्छ । वैदिक वा आर्य युगमा मानिसको सृष्टि भएको र यसैबाट आष्ट्रिक वा आष्टोएशियाटिक, मडनोलायड वा साइनोटिबेटन चिनी तिब्बती, द्रविड र आर्य जातिहरू नामकरण भएको कुरा यिनै भाषाको विकास भएपछि जानकारी भएको पाइन्छ । तसर्थ विभिन्न संस्कृति वा भाषाहरूको कारणले गर्दा विभिन्न जातिहरूको नामकरण गरिएको पाइन्छ । यसैले माथिका कुराहरूले गर्दा प्रजातिसम्बन्धी प्रयोगलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको प्रजातिसम्बन्धी सैद्धान्तिक मापदण्डको रूपमा अध्ययन गरिन्छ (शास्त्री, सन् १९६३, पृ.५७–५८) । जातीय स्मृतिका बारेमा रामकथा लेखिएको समयदेखि नै पटक–पटक यसका थप बारेमा कुराहरूको बारेमा खोजी गर्न थालिएको हो । भगवान् श्रीरामचन्द्रको जन्मकालको समयमा नै भारतमा मुस्लिम र हिन्दू धर्मको बाारेमा कुनै न कुनै रूपमा चर्चा गरिएको प्रसङ्गले पनि भारतमा विभिन्न धर्म मान्ने व्यक्तिहरूको समाजमा विभिन्न प्रजातिहरूले प्रभाव पारेको कुरा व्यक्त भएको देखिन्छ । यस क्रममा विभिन्न जातिहरू र धर्मको बारेमा अन्तर्सम्बन्धित हुन्छ भन्ने कुरा कुनै न कुनै समाजका व्यक्ति वा जातिहरूको क्रियाकलापसम्बन्धी कुराहरूमा धार्मिक आस्था एवम् मूल्य, मान्यताको बीच अन्तर्सम्बन्धबाट थाहा पाउन सकिन्छ (मुद्रा रासक्ष, सन् २०११, पृ.१६४) । यी धर्मग्रन्थहरू आज हिन्दू धर्मग्रन्थ, ऋग्वेद, ब्राह्मणग्रन्थ, आरण्यक ग्रन्थलाई प्रजातिसम्बन्धी कुराहरूको आधारमा उल्लेख गरिएका महत्वपूर्ण धर्मग्रन्थ मानिन्छ । कुनै समाजमा बस्ने कुनै न कुनै जातिहरूको पृष्ठभूमिमा सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिकजस्ता कुराहरूमा प्रभाव पारेको हुन्छ ।

अरस्तुले काव्यशास्त्रमा प्रजातिको बारेमा उल्लेख गरेका छन् । यस क्रममा उनले मनुष्यको स्वभाव र आवश्यकताहरूबाट एक विशेष प्राणी बनेको कुरा उल्लेख गरेका छन् । यसै गरी जीवधारा प्राणीलाई पनि प्रजाति मान्नु पर्ने कुरा उनले व्यक्त गरेका छन् । समाजमा रहेका प्राणीहरू बिना प्रजातिको कल्पना गर्न सकिंदैन । जीवन मरणको चक्रलाई प्रजातिले गतिशिल राख्दछ । सागरका आसपासमा अथवा सुख्खा मरुभूमिमा बस्ने जीवधारी प्राणीहरू प्रजातिका अङ्ग मानिन्छन् । समाजको चारैतर्फ मानवेतर प्राणीहरू र व्यक्त प्रजातिको रूपमा आबद्ध हुन्छन् । हाम्रो घरपरिवारभित्र र बाहिरको पर्यावरणसम्बन्धी कुराहरूमा जानकारी राख्न विभिन्न जातिहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मनुष्यको सबैभन्दा बढी आवश्यकता समाजमा हुने भएकाले धेरै समय पहिले अरस्तुले मनुष्य सामाजिक प्राणी भएको र समाजशास्त्रीय अध्ययनका लागि पनि त्यस समाजका प्राणीहरूको महत्त्वपूर्ण भूमिका रहेको कुरा उल्लेख गरेका छन् (दोषी र अन्य, सन् १९७०, पृ.१४०) । यस क्रममा उनले सम्पूर्ण प्राणीहरूलाई समाजको उपज मानेका छन् । आ–आफ्नो समूहको सामाजिक सम्बन्ध र

रूढिवादीमा रहने फरक तत्त्व मनुष्यलाई मानिन्छ । कुनै व्यक्तिको व्यवहार, खानपान, आदत, रीतिरिवाज र फेसन आदिमा जातियताको झलक देखिन्छ । यसको प्रतिनिधित्व जीवधारी प्राणीहरूको कुनै जात विशेषले गरेको हुन्छ । ती जातिको अवयव मात्र भएकाले उसको सम्पूर्ण समाजमा आफ्नै समूह रहेको हुन्छ । प्रत्येक जातिको उपस्थितिमा आ–आफ्नै खालको समूह रहेको हुन्छ । एउटा व्यक्ति न त प्रारम्भकर्ता न त अन्तिमकर्ता हो, ऊ त केवल जीवनको निरन्तरतामा रहने एउटा कडी मात्र हो । यसैले एक समाजशास्त्रीय र विचित्र सत्य पनि त्यसै व्यक्तिहरूको समाजमा निर्भर रहने भएकाले समाजका जातिहरूको ज्ञानबिना त्यो समाज पूर्ण हुन सक्दैन (दोषी र अन्य, सन् १९७०, पृ.१४८–१४९) । सामाजिक दार्शनिक दुर्खिम, मीक र कुले आदिले मनुष्यको व्यक्तित्वको विकाससम्बन्धी सिद्धान्तको प्रतिपादन गरेको कुरा अरस्तुले उल्लेख गरेका छन् । नवजात शिशु प्रारम्भमा केवल एक विचित्र अवयवका अङ्ग मात्र हुन्छन् र त्यसपछि विस्तारैविस्तारै उनीहरू सामाजिक व्यक्ति कहलिन्छन् (दोषी र अन्य, १९७०, पृ.१५०) । सारा प्रक्रियाको दुनियाँमा नै प्रत्येक व्यक्तिहरूले सामाजिकीकरण प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

सामाजिक र सांस्कृतिक विकासमा प्रजातिहरूले प्रभाव पार्ने समस्या आँकलन गर्न धेरै कठिन हुन्छ । सम्पूर्ण तथ्यलाई एकपछि अर्कोका साथ धेरै मात्रामा प्रभाव पार्ने काम प्रजातिले गर्दछ । प्रजातिले सकारात्मक र नकारात्मक रूपमा पार्ने प्रभावलाई स्पष्ट पार्नका लागि भौतिक विज्ञान, आनुवंशिकी, तुलनात्मक मनोविज्ञान, इतिहास र पुरातत्त्वजस्ता सामग्रीलाई अध्ययन गर्नु पर्दछ (वर्मा, सन् १९६६,पृ.४१) । प्रजातिबाट मानव विज्ञानवेत्ताहरूको अभिप्रायलाई बुझ्ने काम कुनै समाजका सदस्यहरूबाट थाहा पाउन सकिन्छ । यसले कुनै निश्चित सीमाअन्तर्गत पितृगत लक्षणहरूको हस्तान्तरणसमेतगर्दछ । यी लक्षणहरू एक पुस्ताबाट अर्को पुस्तामा पुग्दा भिन्नताको रूपमा समेत आउँदछन् । प्रजातिको पहिचानको लागि सबैभन्दा बढी भूमिका पितृगत लक्षणलाई मानिन्छ । प्रजातिले  कुनै पर्यावरणमा परिवर्तनका बाबजुद भिन्नभिन्न स्वरूपहरू देखाउँछन् । यसका साथै यसले व्यापक रूपमा आफ्नो समूहका जातिहरूलाई एक आपसमा सङ्गठित गर्दछ । कुनै एक परिवारमा यदि पैत्रिक विशेषताहरूको पहिचान गराइयो भने त्यो नयाँ प्रजातिको रूपमा देखा पर्दछ (वर्मा, सन् १९६६, पृ.४३) । प्रजाति एक परिवारको पिँढीमा बढी मात्रामा फैलिन सक्छ अथवा एक निश्चित क्षेत्रमा पनि फैलिन सक्ने भएकाले कुनै प्रजातिले आफ्नै जातिभित्रको प्रजातिलाई चिनाउने गर्दछ । प्रजातिलाई कपालको बनावट, छाला, रङ, आकार, टाउकोको बनावट, शरीरको विभिन्न भागको बनावट वा अनुहारको बनावट आदिको आधारमा विभिन्न जातिहरूका अलगअलग स्वरूपहरूको लक्षणको रूपमा लिइन्छ ।

मार्टिनले सन् १९१४ मा लेखरू हुर एन्थ्रोपोलोजी जेनाप्रकाशित गरी त्यसमा विभिन्न प्रजातिहरूको कपाल क्षमताको नापतौल गरेको पाइन्छ । जसमा युरोपियन समूहका पुरुषहरूको औषत क्षमता १४५० घन से.मी. र महिलाको १३०० घन से.मी.निकालेको देखिन्छ । युरोपियनहरूको सर्वाधिक निकट पूर्वी एसियाको सभ्य जातिहरू अमेरिकाका जातिहरूसँग मिल्दोजुल्दो देखिएको पाइन्छ । यिनीहरूका केही स्वभावहरू अष्ट्रेलियाका प्रजातिहरूसँग पनि मिलेको पाइन्छ । यसमा पुरुषको कपाल क्षमता १३४७ र महिलाको कपाल क्षमता ११८१ घन से.मी. भएको कुरा थाहा पाउन सकिन्छ । त्यसपछि क्रमशः सन् १२५० तथा सन् ११३९ मा अण्डमन द्वीपबासीहरूमा सन् १२८१ मा पनि यसको नापतौल लिइएको देखिन्छ । यसका अतिरिक्त प्रत्येक समूहमा प्रजातिसम्बन्धी गुणहरूमा भिन्नताहरू देखापरेको पाइन्छ । प्रजातिसम्बन्धी लक्षणहरूमा विभिन्न ठाउँको वातावरण र वंशाणुगत गुणहरूले गर्दा भिन्नता आउने गर्दछ (वर्मा, सन् १९६६ ः ५०–५१) । प्रजातिको अध्ययन गर्दा ज्यादा समयपछि आफ्नो दायराको आधिकारिक परिमिति वर्गहरूको आनुवंशिक विश्लेषण तथा सहज उत्पादनको कार्यमा पर्यावरणले अलग अलग किसिमका प्रजातिहरूको भिन्नता देखाएको देखिन्छ (वर्मा, सन् १९६६, पृ.७२–७३) ।

जातिहरूअन्तर्गत राम्रो कर्म गर्ने जातिहरू उच्च जातिहरू र नराम्रो कर्म गर्ने जातिहरू नीच र क्षुद्र जातिहरूमा पर्दछन् । विश्वमा जाति व्यवस्थाले विशेष आधार प्रदान गरेको हुनाले कुनै समाज जातिहरूद्वारा सञ्चालित हुनपुगेको छ । तिनीहरूमा

सत्कर्म र उच्चताको प्रेरणा  मिल्छ । यसै सत्कर्मको राम्रो र नराम्रो भावनाले गर्दा माथिल्लो र तल्लो जातिबीच सामाजिक अन्धविश्वास र रूढिवादको भेदभाव पैदा भएको देखिन्छ । उच्च जातिको चेतना चरम सीमामा पुगेको हुनाले समाजको महत्त्वपूर्ण सत्ता तिनीहरूको हातमा हुन्छ । तर शुद्र जातिहरूको अवस्था अन्धकारमा गिरेको हुन्छ । उनीहरूबाट शिक्षाको अधिकार सम्भवत धेरै पहिलेदेखि खोसिएको मानिन्छ । यसको उदाहरण महाभारत कालमा दोर्णाचार्य एवम् एकलव्यको घटनाबाट ज्ञान हुन्छ । एकलव्यले लुकेर धनुर्विद्या सिकेको देखिन्छ । द्रोणाचार्यले आफ्नो शिष्य अर्जुनलाई मात्र शिक्षा दिन्थे र त्यसलाई एकलव्यले लुकेर ग्रहण गर्दथे । अन्तमा एकलब्य अर्जुनभन्दा बढी निशानीवाद बन्न पुगेकाले गुरु द्रोणाचार्यले उनको दायाँ हातको बूढी औंला गुरुदक्षिणाको रूपमा लिएको पाइन्छ । यस घटनाले गुरुको महत्त्व धेरै पुरानोजस्तो लाग्छ भन्ने कुरामा पनि उच्च जाति र शुद्र जातिहरूको भेदभाव धेरै पहिलेदेखि कायम रहेको कुरा थाहा पाउन सकिन्छ (सिंह र त्रिपाठी, सन् १९६९, पृ.२११) ।

प्रजातिको वर्गीकरणलाई रङ्ग, रूप, स्वभाव र विशेषताले प्रभाव पार्दछ । यी कुराहरूले गर्दा प्रजातिहरूको सम्बन्ध आफ्नै खालको जातिहरूसँग हुने गर्दछ (राव, सन् २०१०, पृ.२८९) । जातिहरूका विशेषताहरू समाजका व्यक्तिहरूमा रहेको वंशाणुगत गुणमा आधारित हुन्छन् र त्यसैको आधारमा समाजका विभिन्न जातिहरू छुट्टिन्छन् । जातिलाई आवास र खाना चाहिन्छ । तिनीहरूका समाजसँग कुनै न कुनै सम्बन्ध हुनुपर्दछ । तिनीहरूको आफ्नो छुट्टाछुट्टै धर्म हुन्छ । तिनीहरूमा विवाह र व्रतबन्धजस्ता कुराहरूमा पनि आ–आफ्नै किसिमका जीवनपद्धति रहेका हुन्छन् (राव, सन् २०१०, पृ.२९२–२९३) ।

मातापिताजस्ता खाले हुन्छन् ; उनीहरूका सन्तानहरूमा पनि त्यस्तै गुण वा स्वभावहरू सर्दछन् । जस्तैः वुद्धिमान आमाबाबुका सन्तान वुद्धिमान र मूर्ख आमाबाबुका सन्तान मूर्ख हुन्छन् । जस्तो वीज रोपिन्छ वृक्ष पनि त्यस्तै हुन्छ भन्ने कुराहरू विभिन्न प्रजातिहरूमा लागु भएको देखिन्छ । विभिन्न रूपबाट प्रजातिहरूलाई विभिन्न वंशाणुक्रमका आधारमा हेरिन्छ । वंशाणुक्रमका आधारमा घृणित उच्च जात मानिए तापनि सम्पूर्ण मानवका लागि यो कुरा पूर्ण रूपमा सम्भव मानिँदैन । वकिलको छोरो वकिल र सङ्गीतकारको छोरो सङ्गीतकार तथा संस्कृत पढ्ने व्यक्तिको छोरो सभ्य व्यक्ति बन्ने आधारमा वंशाणुक्रमलाई लिइन्छ (माथुर, सन् १९७३, पृ.४७) । तिनीहरू जुन समयमा पनि प्रत्येक इष्टमित्र र कुटुम्बसँग मिल्न सक्छन् । कहिलेकाहीँ भने वुद्धिमान आमाबाबुको सन्तान मूर्ख र मूर्ख आमाबाबुको सन्तान वुद्धिमान तथा एक सन्तको पुत्र अपराधी हुन सक्दछ तापनि प्रत्येक प्रजातिहरूमा केही न केही वंशाणुगत गुण भने अवश्य रहन्छ । प्रजातिलाई वंशाणुगत गुणले प्रभाव पारेको देखिन्छ ।

प्रजातिलाई वंशपरम्परा र शारीरिक बनावटका आधारमा छुट्याउन सकिन्छ । आफ्ना पुर्खामा भएका गुणहरू तिनका छोराछोरीमा सर्ने प्रक्रियाको रूप वंशपरम्परालाई लिइन्छ । कुनै व्यक्तिको उचाइ, मोटाइ तथा आकारप्रकारलाई शारीरिक बनावटको रूपमा लिइन्छ । यसैगरी शारीरिक बनावट र वंशपरम्पराका कारणले गर्दा कुनै खाले जातिहरू अग्ला, चुच्चो नाक भएका तथा फराकिलो चेहरा भएका देखिन्छन् भने कुनै जातिहरू होचा र आँखाभित्र पसेका एवम् दाह्री जँुगा पनि कम आउनेजस्ता स्वभावमा रहेका देखिन्छन् । यसका साथै विभिन्न प्रजातिहरूका विचार, मूल्य र मान्यताजस्ता कुराहरू उनीहरूका आफ्नै खालका विश्वास तथा स्वभावमा आधारित हुन्छन् (हरालम्बोस र होलवर्सल, सन् २०००, पृ.२००) । प्रजातिहरूको उत्पादनसम्बन्धी प्रक्रियालाई विभिन्न विद्वानहरूले उनीहरूका स्वभावका आधारमा विभिन्न भागमा विभाजन गर्नुका साथै विभिन्न प्रजातिहरूको समाजमा आफ्नो स्तर कसरी निर्धारण गर्दछन् भन्ने कुराको बारेमा चर्चा गरेको पाइन्छ । यसरी वंश परम्परा र शारीरिक बनावटका आधारमा उल्लेख गरिएको प्रजातिसम्बन्धी सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय अध्ययनअन्तर्गत रहेको प्रजातिको सिद्धान्तको रूपमा अध्ययन गरेको देखिन्छ ।

**'बसाइँ' उपन्यासमा प्रजातिको प्रयोग**

लीलबहादुर क्षत्रीको बसाइँ उपन्यासको केन्द्रीय पात्र धनबहादुर बस्नेत बस्ने स्थान पूर्वी नेपालको ग्रामीण समाज भएकाले ऊ कुनै न कुनै रूपमा त्यहाँको एउटा मानव जातिको सदस्यको रूपमा प्रकट भएको छ । " मैलो ठाउँ ठाउँमा फाटेको सिरकले खुट्टादेखि टाउकैसम्म आफूलाई गुटुमुटु पारेर परबाट हेर्दा मस्त निद्रामा परेको भान भए पनि धने बस्नेतलाई निद्रा परेको थिएन" (क्षत्री, २०१४, पृ.१) यस भनाइले धनबहादुर बस्नेतलाई यस्तो क्रियाकलाप घटित हुनुमा वंशाणुगत गुणले प्रभाव पारेको देखिन्छ । उसका पुर्खाहरू धनी र सम्पन्नशाली नभएकाले उनीहरूले जसरी आर्थिक सङ्कट र पछयौटेपनको स्थितिलाई सामना गरेका थिए त्यस्तै स्थितिको सामना धनबहादुर बस्नेतले पनि गर्नु परेको छ । उसका बाबु बराजु पनि ग्रामीण भेगमा बसी अँगेनामा आगो ताप्ने व्यवहारलाई अवलम्बन गरेको हुनाले उसले पनि त्यस्तै व्यवहारलाई अपनाएको छ । त्यही ठाउँमा नै जन्मिएको र हुर्किएको धनबहादुर बस्नेतले बिहान उठ्दाबित्तिकै "अगेनाको डिलमा आई हातले खोस्रेर खरानीमाथि घुसारिराखेको आगोको भरभराउँदो अगुल्टो झिकी अँगेरीको पातमा बेरेको सुर्तीको ठुटो सल्काउन थाल्यो" (पृ.१) भन्ने कुराले उसमा आफ्नै बुबाआमाहरूमा रहेका प्रजातिगत विशेषताहरू देखिन्छन् । सामान्य किसान तथा गरिब परिवारमा जन्मिएको हुनाले उसलाई पनि त्यसैअनुसारको वंशाणुगत गुणले प्रभाव पारेको देखिन्छ । त्यस्तै धनबहादुर बस्नेत भनेर क्षत्रीले उसलाई बस्नेत थरको रूपमा चिनाएको हुनाले तथा धनबहादुर भनेर नामका पछाडि लगाइएको बहादुर शब्दले ब्राम्हण जातिभन्दा भिन्न जातिलाई सम्वोधन गर्ने परम्परा पहिलेदेखि चल्दै आएको देखिन्छ । धनबहादुर बस्नेतको थर बस्नेत भएकाले ऊ पूर्वी नेपालको ग्रामिण क्षेत्रमा बस्ने नेपाली क्षत्री जातिको पुरुष पात्र भएको कुरा थाहा पाउन सकिन्छ । यसरी माथि उल्लेख गरिएका भनाइहरूबाट धनबहादुर बस्नेतमा रहेका वंशाणुगत प्रजातिका विशेषताहरू क्षत्रीको यस उपन्यासमा साहित्यको समाजशास्त्रीय अध्ययनका लागि आवश्यक पर्ने प्रजातिगत सिद्धान्तअनुरूप प्रयोग गरिएको छ ।

बसाइँ उपन्यासको अर्को पात्र वैदार बूढोले धर्मकर्ममा विश्वास गर्ने हुनाले आफ्नो निधारमा सधैंभरि सेतो चन्दन लगाउँछन् । उनले छुतछातका बारेमा खुबै ख्याल गर्ने भएकाले उनी कट्टर सनातनी धर्ममा विश्वास गर्ने व्यक्तिको रूपमा उभिएको देखिन्छ । "आफ्नो भान्से बाहुनदेखि कसैले पकाएको नखाने" (क्षत्री, २०१४, पृ.३) भनेर उनको बारेमा यस उपन्यासमा उल्लेख गरिएको छ । उनले सधैं मुखमा रामको नाम रहोस् भन्ने उद्देश्यले आफ्नो थेगो हरिराम राखेको देखिन्छ । हरिराम भनेर सधैभरि आफ्नो मनमा ईश्वर वा भगवान्को नाम लिने कुरा हिन्दू धर्मअनुरूप व्यक्त भएको छ । उनको "बिहानको समय पूजापाठमै बित्थ्यो (पृ.३) भनेर क्षत्रीले उनलाई पूजापाठ गर्ने व्यक्तिका रूपमा चिनाएका छन् । त्यसैले उनले बेलाबेलामा ब्राम्हणहरूलाई दक्षिणा दिने र भोजन गराउने कार्यहरू पनि गरेको देखिन्छ । यसरी वैदार बूढामा वंशाणुगत गुण एवम् प्रजातिगत स्वभावजस्ता कुराहरू व्याप्त रहेकाले उनी पूर्वी नेपालको ग्रामीण समाजमा बस्ने नेपाली ब्राम्हण प्रजातिका पुरुष पात्र भएको कुरा क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएको छ ।

बसाइँ उपन्यासकी नायिका धने बस्नेतकी पत्नी मैनाको प्रजातिगत स्वभाव पनि संस्कृति र परम्परामा आधारित स्वभाव व्यक्त भएको पाइन्छ । "उसले झुमासँग जाँतो पिध्दा सँगिनी भन्दछे" (पृ.११) । यसका साथै मैनाले आफ्नो पति धनेको गोडामा तेल लगाइदिने, धनेलाई ढोग्ने, एवम् सुखदुःखमा आफ्ना पतिलाई साथ दिएको पाइन्छ । मानव समूहका विभिन्न जातिहरू कुनै न कुनै समाजको जातिको सदस्य हुने भएकाले मैनमा पनि माथिको प्रसङ्का आधारमा पूर्वी नेपालको ग्रामीण समाजमा बस्ने हिन्दू क्षत्री प्रजातिकी नेपाली नारी हो भन्ने उल्लेख गरिएको पाइन्छ ।

बसाइँ उपन्यासको अर्को सहायक पात्र नन्दे ढकालले आफ्नो स्वाभिमानलाई पटक्कै नगुमाउने, आफ्नो दृढ विचारमा एक प्रकारको सूर्यजस्तै अटल रहेको प्रसङ्ग उपन्यासकारले उल्लेख गरेका छन् । मानव समुदायलाई सम्पूर्ण प्रजातिको रूपमा रहेको मूल जाति मानिने भएकाले र उसको थर ढकाल भएकाले "नन्दे ढकाल पूर्वी नेपाली समाजमा बस्ने हिन्दू ब्राह्मण प्रजातिको पात्र भएको कुरा स्पष्ट रूपमा थाहा पाउन सकिन्छ" (दाहाल, २०५८, पृ.१८९) । त्यसैले नन्दे ढकाललाई यस उपन्यासमा पूर्वी नेपालको ग्रामीण क्षेत्रमा बस्ने हिन्दू ब्राम्हण प्रजातिको पात्रको रूपमा व्यक्त गरिएको छ ।

लीलबहादुर क्षत्रीले बसाइँ उपन्यासमा उल्लेख गरेअनुसार प्रत्येक व्यक्ति कुनै न कुनै जातिको सदस्य हुन्छ र उसको त्यसैअनुसार विभिन्न खाले संस्कृति, चाडपर्व र धर्म मान्दछ भन्ने कुरा व्यक्त भएको छ । यसैगरी क्षत्रीले यस उपन्यासको प्रारम्भमा नै धनबहादुर बस्नेतको नाम एवम् उसले बोल्ने भाषा, चाडपर्व र रहनसहन आदि कुराहरू उल्लेख गरिएको छ । यी कुराका आधारमा उसलाई पूर्वी नेपालको ग्रामीण समाजमा बस्ने तथा हिन्दू धर्म मान्ने र त्यसैअनुसारको चाडपर्व मान्ने क्षत्री प्रजातिको पात्रको रूपमा लिइएको छ । यसैअनुसार लेउते दमाईँले गाउँभरि लुगा सिएर बाली उठाउने प्रसङ्ग यस उपन्यासमा उल्लेख गरिएकाले ऊ दमाईँ प्रजातिको पात्र भएको कुरा थाहा पाउन सकिन्छ । यसरी क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएका पात्रहरूले नेपाली भाषा, चाडपर्व र रहनसहन अपनाएकाले उनीहरूमा नेपाली जातिमा पाइने प्रजातिगत विशेषताहरू कायम रहेको देखिन्छ ।

बसाइँ उपन्यासको अर्को सहायक पात्र मोटे कार्कीमा पनि आफ्नै खाले प्रजातिगत स्वभावहरू देखा पर्छन् । मोटे कार्की बुबाआमा नभएको टुहुरो व्यक्तिका रूपमा उभिएको छ । “ऊ धेरै मोटो हुनाले मोटे कार्र्कीका उपनामले देखा परेको छ” (पृ.१६) । गाउँघरका सबै व्यक्तिसँग मिल्ने स्वभाव उसको देखिन्छ । गाउँघरमा स्त्री समाजमा ऊ साह्रै प्रिय भएको र उसले आइमाईहरूसित लागेर ढिँकीमा अन्न कुट्न सघाउने तथा गुन्द्रीको तान लगाइदिन एवम् तिहुन केलाइदिने काममा साह्रै दिलचस्पी राखेको देखिन्छ । त्यसैले गाउँका स्त्रीहरू केही काम पर्‍यो भने उसलाई सम्झिन्थे भन्ने कुरा क्षत्रीले उल्लेख गरेका छन् । “कसैका घरमा केही मीठोमसिनो पाकेको छ भने कार्कीलाई बोलाउन पठाउथे” (पृ.१६) भन्ने प्रसङ्गले उसमा मिलनसार र इमान्दारी गुण रहेको देखिन्छ । कार्कीलाई सबैले खाना खान कर लगाउने हुनाले उसमा असल खाले स्वभाव कायम रहेको कुरा थाहा पाउन सकिन्छ । “अनुहार उति राम्रो खुलेको नभए पनि कार्कीको हृदय सफा थियो । झुमाको रूप लावन्य र सरलतामाथि ऊ आकर्षित थियो”(पृ.१७) भन्ने प्रसङ्गले उसमा प्रजातिमा हुनुपर्ने सत गुणहरू रहेको देखिन्छ । उसले गाउँ, समाज र इष्टमित्रप्रति गर्ने राम्रो व्यवहार गर्दथ्यो भन्ने कुरालाई उपन्यासकारले यसै उपन्यासमार्फत उल्लेख गरेका छन् । यसका साथै झुमाले सुरुमा मोटे कार्कीलाई त्यति वास्ता नगरे तापनि अन्त्यमा रागेभीरबाट हाम फाल्न लागेको अवस्थामा बचाउनुका साथै रिकुटेको गर्भ बोकेकी झुमालाई उसले स्वीकार गरेको देखिन्छ, (पृ.५५) । यसरी माथि उल्लेख गरिएका कुराका आधारमा कार्की थरको कारणले चिनिएको मोटे कार्की पूर्वी नेपालको ग्रामीण क्षेत्रमा बस्ने क्षत्री प्रजातिको व्यक्ति हो भन्ने कुरा स्वतः रूपमा थाहा पाउन सकिन्छ ।

बसाइँ उपन्यासकी अर्को सहायक पात्र झुमाले दशैँँको बेलामा आफ्नै भाउजू मैनासँग बसेर मीठोमसिनो स्वरमा सङ्गीनी गीत गाउने तथा विशेष चाडपर्वमा गुन्यू, चोलो लगाएर घुमफिर गर्ने एवम् दशैँँको समयमा रोटे पिङ खेल्ने र मजेत्रो पहिरिनेजस्ता काम गरेकी छे । झुमा मोटे कार्कीसँग बोल्न “लाज मान्थी, बडै बोल्दनथी” (पृ.१७) भन्ने प्रसङ्गले उसमा लज्जालु स्वभाव कायम रहेको देखिन्छ । ऊ धनबहादुर बस्नेतकी बहिनी भएकाले नेपाली क्षत्री प्रजातिकी नारी पात्र भएको कुरा थाहा पाउन सकिन्छ ।

क्षत्रीको बसाइँ उपन्यासको अर्को पात्र साने घर्तीको स्वभाव रिसाहा, डाहाडी र प्रतिशोधात्मक भावनाको देखिन्छ । ऊ धेरै पहिलेदेखि नन्दे ढकालको घरमा हली भएको कुरा यस उपन्यासमा उल्लेख गरिएको हुनाले उसमा पढ्नुपर्छ भन्ने स्वभावको विकास नभएको देखिन्छ । यसरी ऊ घर्ती भएकाले पूर्वी नेपाली समाजमा बस्ने क्षत्री प्रजातिको पुरुष पात्र भएको कुरा थाहा पाउन सकिन्छ ।

प्रजातिहरूलाई विभिन्न समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक एवम् राजनीतिक पक्षहरू एवम् मूल्य र मान्यताजस्ता कुराहरूले प्रभाव पार्ने कुरा क्षत्रीको बसाइँ उपन्यासमा व्यक्त गरिएको छ । क्षत्रीको यस उपन्यासमा पनि केन्द्रीय पात्र धने बस्नेतले ऋण गरेर ल्याएको भैँसीको पाडो मर्नु, भैँसीले लेउते दमाईँको फापर खाएकाले अर्मल तिर्नु, भैँसी दुहुनु, वैदारको ऋण तिर्न नसक्दा धनेका हल गोरु गुम्नु तथा कार्कीको सहयोगमा नन्दे ढकालको खेत धनेले अधिँया गर्न पाउनुजस्ता कुराहरू यस उपन्यासमा घटित भएका छन् । यस क्रममा धने बस्नेतले चुटेको तीन दिनमा नन्दे ढकालको भैँसी मर्नु

र ऊ ऋणमा चुर्लुम्बै डुबेर अन्त्यमा बसाइँ सर्न बाध्य हुनुजस्ता कुराहरूले गर्दा उसमा केही मात्रमा भए पनि रिसाउने स्वभाव रहेको देखिन्छ । त्यस्तै उसका बाजे बराजु नै गरिब भएको हुनाले उसमा पनि गरिबीका कारणले गर्दा चिन्तित हुने गुणहरू देखापरेका छन् । यसरी यिनै माथिका सबै घटनाहरू नेपाली परिवेश तथा नेपाली ग्रामीण समाजका जातिहरूसँग सम्बन्धित भएकाले यस उपन्यासमा उल्लेख गरिएका पात्रहरू पनि नेपाली प्रजातिकै हुन् भन्ने कुरा उल्लेख गरिएको छ ।

बसाइँ उपन्यासमा उल्लेख गरिएका प्रजातिगत पात्रहरूको आर्थिक पक्षको उल्लेख कृषि पेसामा आवद्ध रहेको देखिन्छ । नेपालको पहाडी इलाका जहाँ यथेष्ट उब्जनी हुँदैन र हर्दम परिश्रम गरेर पनि जीविका चल्न सक्दैन त्यस्तो ठाउँका प्रजातिहरू ग्रामीण पहाडी क्षेत्रमा बसेका हुन्छन् । ती ठाउँहरूमा पनि न्युन आयस्रोतबाट वञ्चित हुनपुगेका निम्न वर्गका जातिहरू प्रशस्त मात्रमा र केही मात्रमा उच्च आयस्रोतबाट अगाडि पुगेका उच्च वर्गका धनी जमिन्दार जातिहरू पर्दछन् । “तिनीहरूमध्ये जातियताका दृष्टिकोणले धनी जमिन्दारहरू प्रायशः उपल्लो जातिका छन् भने तल्लो जातिका व्यक्तिहरू अधिकांश आर्थिक विपन्नताको सेरोफेरोका” (पाण्डे, २०६३, पृ.१०२) छन् भन्ने कुरामा पनि आ–आफ्नै किसिमका प्रजातिगत स्वभाव तथा वंशाणुगत गुणहरू कायम रहेको देखिन्छ । यस उपन्यासमा उल्लेख गरिएका प्रजातिहरूमा वंशाणुगत गुण, शारीरिक बनावटजस्ता कुराहरूले प्रभाव पारेका हुनाले गरिब तथा निम्नवर्गका व्यक्तिहरू सिधा सिधा वर्गका रूपमा र उच्च वर्गका व्यक्तिहरू फटाहा र शोषक वर्गका हुन्छन् भन्ने कुरा यस उपन्यासमा व्यक्त भएको छ । तिनीहरूलाई यी विशेषताहरूले प्रभाव पारेको छ । किनकि यस उपन्यासमा उल्लेख गरिएका पात्रहरू कुनै न कुनै जातिका सदस्य भएकाले उनीहरूमा कस्तो खाले स्वभाव तथा चरित्र रहेको छ भन्ने कुरा पनि प्रजातिगत सिद्धान्तको रूपमा लागु भएको छ । यसरी माथि व्यक्त गरिएका विभिन्न कुराहरूले गर्दा पूर्वी नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने प्रजातिहरूलाई साहित्यको समाजशास्त्रीय अध्ययनको लागि आवश्यक पर्ने प्रजातिगत सिद्धान्तको रूपमा प्रयोग गरिएको छ ।

बसाइँ उपन्यासमा विभिन्न पात्रहरूको प्रजातिगत प्रवृत्तिलाई नेपाली जातीय संस्कृतिको रूपमा उल्लेख गरिएको छ । हिन्दू धर्मशास्त्रमा उल्लेख भएअनुसार नेपाली समाज प्रचिनकालदेखि नै ब्राम्हण, क्षत्री, वैश्य, शुद्र गरी चार वर्णमा विभाजित भएको पाइन्छ । चार वर्णमा आ–आफ्नै वर्णअनुसारका पेसा निर्धारण गरिएका छन् । ब्राम्हणहरूले शिक्षादीक्षा, पूजापाठ, ज्ञानधध्यान र अर्ति उपदेश दिने कुरा गर्दछन् । क्षत्रीले देशको सुरक्षा, धनजनको रक्षा, युद्धकला, राजनीति एवम् कूटनीति आदि सञ्चालन गर्नुपर्दछ । वैश्यले कृषिकार्य, पशुपालन, बन्द व्यापार एवम् बजार व्यवस्थापन गर्नुपर्दछ भने शुद्रले ब्राम्हण, क्षत्री र शुद्रलगायत माथिल्लो वर्णका सबै जातिको सेवासुश्रुवा गर्नुपर्दछ । ब्रहमचार्य, गृहस्थ, वानप्रस्थ र सन्यासजस्ता धर्मशास्त्रीय आश्रम व्यवस्था उमेरका आधारमा निर्धारण गरिएको हुन्छ । त्यो वर्णाश्रम व्यवस्थाको कार्य विभाजनलाई वर्तमान अवस्थामा पूर्ण रूपमा पालना नगरिए तापनि आजको नेपाली समाज व्यवस्थाको मूलस्रोत भने त्यही वर्णाश्रम व्यवस्थालाई मानिन्छ । उक्त व्यवस्थाबाट वर्तमान अवस्था पनि प्रभावित छ । त्यही आधारभूत मान्यताबाट आजको समाज तदनुरूप नै यथासम्भव सञ्चालन हुँदै आएको छ । यस उपन्यासमा पनि यस्तै समाजका जातिहरूको रूपरेखा पाइन्छ । बैदार बूढाको चरित्रबाट ब्राम्हण चरित्र वा प्रजातिलाई दर्साइएको देखिन्छ । नन्दे ढकालको बारेमा जातपातको खासै चर्चा नगरिए तापनि ऊ नेपाली प्रजातिको पात्र हो । त्यस्तै मुखिया, तेर्से लामिछाने, दोबाटे साँहिलो पनि आर्थिक अवस्था कमजोर भएर पनि पूर्वी नेपालमा नै जन्मेका र हुर्केका हुनाले उनीहरू त्यसै समाजका नेपाली प्रजातिका पात्रहरूका रूपमा चिनिएका छन् । तसर्थ माथि उल्लेख गरिएका विभिन्न प्रजातिहरूलाई साहित्यको समाजशास्त्रीय अध्ययनको लागि आवश्यक पर्ने प्रजातिगत सिद्धान्तको रूपमा प्रयोग गरिएको छ ।

बसाइँ उपन्यासमा मानव प्रजातिहरूका अतिरिक्त अन्य जीवधारी प्राणीहरू पनि प्रजातिको रूपमा आएका छन् । त्यसैले यस उपन्यासमा भैँसीहरू, गोरु, खसीहरू प्रजातिको रूपमा आएका छन् । भैँसीको किनबेच र भैँसीलाई कारणले गर्दा नै धनबहादुर बस्नेतका घटनाक्रमहरू अगाडि बढेका हुनाले भैँसीजस्ता मानवेतर प्राणीहरू गाई, गोरु, र खसीबाख्राहरू पनि प्रजातिको रूपमा देखापरेका छन् । त्यसैले उसले पाडीसहितको भैँसी किन्दा एवम् नन्दे ढकालबाट खेत अधियाँ गर्न ऋण

लिँदासमेत गोरु डिग राखेको तथा गोरु किनेको कुराहरू प्रजातिको रूपमा आएको देखिनछ । त्यसैगरी दशैँको समयमा आफ्नी नन्द झुमालाई केही कपडाहरू किनीदिन मैनाले आफ्नो लोग्ने धनबहादुर बस्नेतलाई "त्यो पेटारे चाहिँ बेचिदिनु, देलान ए गोडा बीसेक कम्पनी त ? घरलाई सोतीको पाठो भा भइहाल्छ" (पृ.१७) भन्ने प्रसङ्गमा पेटारे खसी र सोती बाख्राको पाठोजस्ता जीवधारी प्राणीहरूको बारेमा चर्चा गरिएको देखिन्छ । त्यस्तै धनबहादुर बस्नेतको भैँसीले लेउते दमाईको फापर कुची दिएकाले नै उसले दमाईँलाई तीन मोहर जरिवाना तिरेको छ । यसैगरी नन्दे ढकालको भैँसीले अर्को दिन धनबहादुरले रोप्न ठिक्क पारेको धानको बीउ नोक्सान गरी दिएकाले त्यसैको परिणामस्वरूप धनबहादुर बस्नेतले भैँसीलाई कोदालोको पासोले हानेको छ त्यसपछि गाभिनो भैँसी मर्न गएकाले उसले आफ्नो पुख्र्यौली सम्पति बेचबिखन गरी नन्दे ढकाललाई भैँसी मारेको जरिवाना तिरी बसाइँ सर्न बाध्य भएको छ । यस उपन्यासमा जति पनि घटनाहरू घटेका छन् ती सबै मानवेत्तर प्राणीका कारणले गर्दा नै उब्जिएको देखिन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने विभिन्न मानव समुदायका प्रजातिगत पात्रहरूले आफ्नो जीवन पद्धति सञ्चालन गर्नको लागि गाईभैँसी, बाख्रा र खसीजस्ता विभिन्न खाले जनावरहरू पालेका हुन्छन् । यसरी क्षत्रीको यस उपन्यासमा आएका मानवेत्तर वा जीवधारी प्राणीहरूलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययनको लागि आवश्यक पर्ने प्रजातिगत सिद्धान्तको रूपमा प्रयोग गरिएको छ ।

बसाइँ उपन्यासमा अर्को पात्र लेउते दमाईँले गाउँघरमा लुगा सिएर बाली उठाउने हुनाले ऊ दमाईँ प्रजातिको पात्रको रूपमा उभिएको छ । यस उपन्यासमा क्षत्रीले पनि हाम्रो समाजमा पहिलेदेखि चलेको सामाजिक परम्परा एवम् अन्धविश्वासअनुरूप राम्रो काम गर्ने व्यक्तिलाई उच्च जातिको रूपमा र नराम्रो काम गर्ने व्यक्तिलाई नीच जातिको रूपमा चिनाएका छन् । लेउते दमाईँले धनबहादुर बस्नेतलाई आफूभन्दा माथिल्लो जातको क्षत्री प्रजाति भएकाले"जदौ साहेब"(पृ.४) भनेर सम्बोधन गरेको छ । त्यस्तै उसले गाउँघरमा कपडाहरू सिलाउने काम गर्ने भएकाले अझै पनि हाम्रो गाउँघरमा कपडाहरू सिलाउने काम दमाईँहँरूले नै गरेको देखिन्छ । लेउते दमाईँ पूर्वी नेपालको ग्रामीण समाजमा बसेर लुगा सिलाउने व्यक्ति भएकाले ऊ नेपाली दमाईँ प्रजातिको पुरुष पात्र भएको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ । यसैले उसमा आफ्नो प्रजातिमा पाइने जात विशेषका स्वभावहरू विद्यमान रहेको देखिन्छ ।

बसाइँ उपन्यासमा क्षत्रीले मानवीय समाजमा उल्लेख गरिएका प्रजातिहरूलाई आफ्नो पुर्खौली खाले समाजबाट लिएका छन् । लीलबहादुर क्षत्री हाल आसाममा बसोबास गरे तापनि उनका पुर्खाहरू पूर्वी नेपालको ग्रामीण क्षेत्रका बासिन्दा भएकाले क्षत्रीले पनि पूर्वी नेपालको ग्रामीण समाजका प्रजातिहरूको बारेमा चर्चा गरेका छन् । यस उपन्यासमा उल्लेख गरिएका कान्छी घर्तिनी, गोमा र ठूलीजस्ता गौण पात्रहरूका प्रजातिहरूलाई पनि पूर्वी नेपालको ग्रामीण समाजबाट लिएको पाइन्छ । "नानी हाउ, तिम्री त एउटी मितिनी लिम्बू गाउँमै छिन् नि ?" (पृ.४३) भन्ने भनाइ ठूलीसँग सम्बन्धित भएकाले यी सबै प्रजातिहरू पूर्वी नेपालको ग्रामीण समाजको वरपर बस्ने प्रजातिहरू हुन भन्ने कुरा व्यक्त भएको पाइन्छ । यसरी क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएका विभिन्न पात्रहरूका सवभाव र विशेषताहरूलाई प्रजातिको रूपमा व्यक्त गरिएको छ ।

**निष्कर्ष**

साहित्यको समाजशास्त्रीय सिद्धान्तका निम्ति आवश्यक पर्ने प्रजाति भनेको यस अध्ययनको सैद्धान्तिक मापदण्डअन्तर्गत कुनै समाजका व्यक्तिहरूका विभिन्न खाले वंशाणुगत गुण, शारीरिक बनावट तथा विभिन्न खाले स्वभावका आधारमा विभिन्न जातिहरूको खोजी गरी अध्ययन गर्ने विधि हो । उक्त सिद्धान्तअन्तर्गत प्रयोग भएको प्रजातिले समाजमा रहेका सबैखाले मानिसहरूका विभिन्न प्रजातिगत रूपमा प्रभाव पार्ने तत्त्वहरूको खोजी गरी तिनीहरूमा के कस्ता समान पक्ष र असमान पक्ष रहेका हुन्छन् भन्ने कुराको अध्ययन गर्दछ । प्रत्येक साहित्यकार के कारणले गर्दा कुनै न कुनै जातिको सदस्य रहेको हुन्छ भन्ने कुराको खोजी उक्त सिद्धान्तका आधारमा गरिन्छ भने उक्त कुराको खोजीमार्फत मानव समुदायलाई सम्पूर्ण प्रजातिको रूपमा रहेको मूल जाति मान्नाका कारणहरूको अध्ययन गरिन्छ । विभिन्न प्रजातिहरूलाई किन समाजका विभिन्न क्रियाकलापहरू अन्तर्गत रहेका सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक तथा राजनीतिक पक्षहरू एवम् मूल्य र मान्यता आदिले प्रभाव

पार्दछ भन्ने कुराहरूको खोजी गरी अध्ययन गरिन्छ । यसका साथै विभिन्न प्रजातिहरूको उत्पत्ति कसरी भयो, पहिले कहाँ बस्थे, अहिले तिनीहरू अर्को ठाउँमा कसरी गए र किन गए भन्ने कुराको खोजी गरी उक्त सिद्धान्तकै आधारमा अध्ययन गरिन्छ । प्रत्येक मानव समुदाय बाहेकका मानवेतर जीवधारी जातिहरू कसरी प्रजातिअन्तर्गत पर्दछन् भनेर खोजी गरी उक्त सिद्धान्तकै आधारमा यसको अध्ययन गरिन्छ । यसरी कुनै कृतिभित्र यिनै माथिका आधारमा प्रजातिसम्बन्धी कुराहरूको बारेमा खोजी गरेर अध्ययन गरियो भने साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा प्रजातिसम्बन्धी सिद्धान्तको खोजी गरेर अध्ययन गरिएको कुरा पुष्टि भएको मानिन्छ । यसै सिद्धान्तका आधारमा विश्लेषण गर्दा लीलबहादुर क्षत्रीको बसाइँ उपन्यासमा पूर्वी नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने बाहुन, क्षत्री, लिम्बू र दमाईँजस्ता मानव जातिका प्रजाति तथा गाई, भैँसी, गोरु र बाख्राजस्ता मानवइतरका प्रजाति एवम् तिनीहरूका स्वभाव, विशेषता एवम् तिनीहरूमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक र सांस्कृतिक पक्षका मूल्य र मान्यताहरूले प्रभाव पारेका पदचिह्नहरू कायम रहेका छन् ।लीलबहादुर क्षत्रीको यसउपन्यासमा पूर्वी नेपालको ग्रामीण समाजमा बस्ने बाहुन, क्षत्री, नेवार, दमाई र लिम्बूजस्ता विभिन्न खाले प्रजातिका पात्रहरूको बारेमा उल्लेख गरिएको छ । यस उपन्यासमा उल्लेख गरिएका विभिन्न खाले प्रजातिगत पात्रहरूले परम्परादेखि चल्दै आएका परम्परावादी तथा सामाजिक अन्धविश्वास एवम् रूढिवादी गुणलाई अपनाएको हुनाले तिनीहरूले जातपात र छुवाछुतमा खुबै ख्याल राखी आफूलाई कुनै न कुनै प्रजातिको रूपमा चिनाएको पाइन्छ । अगेनाको आगो, अँगेरीको पात बेरेर धुम्रपान गरेको दृश्य र तमाखु खाने चालचलन आदि क्रियाकलापले गर्दा क्षत्रीले यस उपन्यासमा नेपालका विभिन्न प्रजातिहरूको बारेमा सङ्केत गरेको देखिन्छ । सामाजिक, आर्थिक पक्षका दृष्टिले पनि विभिन्न जातिहरू आ–आफ्नै पेसा वा व्यवसायमा लाग्ने भएकाले यस उपन्यासमा उल्लेख गरिएका जातिहरू पनि कोही कृषि पेसामा, कोही पशुपालन व्यवसाय गर्ने र तिनको बिक्री गर्ने पेसामा तथा कोही सैनिक पेसामा लागेको देखिन्छ । क्षत्रीको यस उपन्यासमा विभिन्न प्रजातिहरूलाई विभिन्न खाले समाजको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक तथा राजनीतिक पक्षका मूल्य र मान्यताहरूले प्रभाव पारेको हुनाले यस उपन्यासमा प्रजातिगत विविधताहरू पनि झल्किएको पाइन्छ । यसका साथै प्रजातिहरूलाई समाजका समान एवम् असमान पक्षले प्रभाव पार्दछ भन्ने कुरा यस उपन्यासमा प्रयोग भएको छ ।

## सन्दर्भसूची

क्षत्री, लीलबहादुर (२०१४).बसाइँ. ललितपुर ः साझा प्रकाशन ।

तेन, हिप्पोलाइट एडल्फ (सन् १९०६).द हिस्ट्री अफ इङ्गलिस लिटरेचर .लन्डन ः लङ्गम्यान ।

दाहाल, खेमराज (२०५८). “आधुनिक नेपाली उपन्यासको समाजशास्त्रको अध्ययन”(शोधप्रबन्ध).कीर्तिपुर ः

दोषी, शम्भुलाल र अन्य (सन् १९७०).समाजशास्त्र सिद्धान्त और विश्लेषण. आगरा ः रामप्रसाद एन्ड सन्स रोड ।

भारद्वाज, गोपाल (सन् १९७५).हिन्दू समाज और जाति व्यवस्था. नयाँ दिल्ली ः ओरियन्ड लङ्गमेन ।

माथुर, एस.एस. (सन् १९७३).शिक्षा मनोविज्ञान. आगरा ः विनोद पुस्तक मन्दिर ।

मुद्रा राक्षस (सन् २०११).आलोचना और रचना की उल्झने. वाराणसी ः विश्वविद्यालय प्रकाशन ।

यङ्ग, किम्बल र डब्ल्यू, रेमण्ट (सन् १९६६). समाजशास्त्रके सिद्धान्त. नयाँ दिल्ली ः युरेशिया प्राइभेट हाउस ।

राव, सी. एन् .शङ्कर (सन् २०१०).सोसियोलोजी. न्यू दिल्ली ः एच् .चन्द एन्ड कम्पनी लिमिटेड ।

लरेन्सन, डाइना एन्ड सिङ्गउड, एलेन (सन् १९७२).द सोसियोलोजी अफ लिटरेचर. लन्डन ः प्लाडिन म्यार्गिब्बोन एन्ड की ।

वर्मा, महेन्द्रनाथ (सन् १९६६) .समाजशास्त्र(अनु.). वाराणसी ः विश्वविद्यालय प्रकाशन

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त. काठमाडौं ः विद्यार्थी पुस्तक भण्डार ।

शास्त्री, राजाराम (सन् १९६३). समाज विज्ञान ः सिद्धान्त और प्रयोग.नयाँ दिल्ली ः प्रकाशन विभाग ।

सिंह, वीरेन्द्रनाथ और त्रिपाठी, तारकेश्वरी (सन् १९६९). व्यावहारिक समाजशास्त्र की रूपरेखा. कानपुर ः अनुसन्धान प्रकाशन ।

हरालम्बस एन्ड होलवर्न (सन् २०००). सोसियोलोजी थिम्स एन्ड पर्सपेक्टिभ्स.लन्डन ः हार्पर कोलिन्स पब्लिसर्स लिमिटेड ।